


विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : २६४ ॥ २०७९ मंसिर ०१ गते बिहिबार (17th Nov 2022 Thursday) Pratidin National Daily dNo-?÷%÷-

# झापामा साढे तीन महिनामा तीनवटा हात्ती मारिए

झापा(प्रस) । झापामा साढे तीन महिनामा तीनवटा हात्ती मारिएका छन् । गत असार महिनामा दुईवटा हात्ती मारिएकोमा बुधवार बिहान थप एउटा हात्ती मृत फेला परेको छ । पछिल्लो पटक झापाको कचनकवल १ घेरावारीमा दारा नभएको एउटा जंगली हात्ती मृत फेला परेको हो । जलथल जंगलदेखि दुई किलोमिटर दक्षिण गंगा दाहालको धानखेतमा बयस्क भाले हात्ती विहान मृत अबस्थामा फेला परेको र हात्तीको दारा नरहेको कचनकवल १ का वडाध्यक्ष महावीर लिम्बू रंजितले बताए । उनले शरीरमा चोटपटक नदेखिएपनि दारा नरहेको जानकारी दिए । हात्तीको पेट सुन्निएको वन डिभिजन कार्यालयका प्रमुख जीवन पाठकले बताए । ‘ इलेक्ट्रिक शक लागेको जस्तो थिएन’ उनले भने,‘दारा चाहिँ केही



महिनाअघि भाच्चिएको जस्तो देखियो ।’हात्तीले सिमल तरुल खाएको देखिकाले फुडपोइजन भएर सो हात्ती मरेको हुनसक्ने स्थानीयले आशंका गरेका छन् । पोष्टमार्टम गरी सो हात्तीलाई मरेको स्थानमै खाल्डो खनेर अन्त्येष्टि गरिएको छ । पोष्टमार्टम रिपोर्ट आउन केही दिन लाग्ने डिभिजन प्रमुख पाठकले बताए । यसअघि गत असार २२ गते अर्जुनधारा-४ दहीझोडामा एउटा हात्ती मृत फेला परेको थियो । सुखानी सहीदमार्गदेखि केही तल दहीझोडा खोला किनारको खेतमा वयस्क हात्ती मृत फेला परेको थियो । त्यसको पाँच दिनअघि गत असार १७ गते बुद्धशान्ति गाउँपालिका-५ आयाबारीमा अर्को हात्ती मृत भेटिएको थियो । श्रृंखलाबद्ध रुपमा हात्ती मारिने क्रम बढेको छ । २०६२ देखि हालसम्म झापामा १६ वटा हात्ती मारिएको वन डिभिजन कार्यालयले जनाएको छ । अधिकांश हात्ती घाउ चोटकै कारण मरेको पाइएको छ । हात्ती नियन्त्रणका लागि राखिएको सोलार फेन्सिङमा परेर र कतिपय मानिसको आक्रमणमा परी मारिएका छन् । मारिनेमा साना छावादेखि लिएर २० वर्षसम्मका वयस्कसम्म छन् ।
नेपालमा करिब पाँच दशकदेखि हात्ती र मानिसबीचको द्वन्द्व जारी छ । द्वन्द्वको कारण हात्तीको आवागमन मार्ग र वासस्थानमा अतिक्रमण नै हो । पछिल्लोसहित २०६२ देखि हालसम्म १६ वटा हात्ती मृत फेला परेको वन डिभिजन कार्यालयका प्रमुख पाठकले बताए । घाउ चोट लागेर , नांगो फेन्सिङ तारमा परेर अधिकांश हात्ती मारिएको उनले बताए । त्योसंगै झापामा चोरी शिकारीको घटना पनि हुने गरेको छ । मृत फेला परेका हात्तीको दारा , पुच्छर नरहनुले चोरी शिकारीकै लागि मारिएको घटना पुष्टि भएको छ । हात्ती र मानिसबीचको द्वन्द्वका कारण हात्तीबाट धेरै जनधनको क्षति भएको छ । झापामा हालसम्म ५५ जना मारिएका छन् । २०६७ देखि हालसम्म ५५ जनाले ज्यान गुमाएको पाठकले जानकारी दिए ।

# दुर्गा प्रसाईं लागे सिटौलाको पक्षमा



झापा(प्रस) । नेकपा एमालेले राप्रपालाई सहयोग गरेको झापा क्षेत्र नं ३ मा एमालेका केन्द्रीय सदस्य तथा मेडिकल व्यवसायी दुर्गा प्रसाईं भने गठबन्धनका उम्मेदवार कृष्णप्रसाद सिटौलाको पक्षमा खुलेर लागेका छन् । प्रसाईं सिटौलाको पक्षमा खुलेसँगै एमालेको सहयोगमा उम्मेदवार बनेका राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई चुनावी परिणाम आफ्नो पक्षमा पार्नका लागि समस्या पर्ने देखिएको छ । प्रसाईंसँगै कचनकवलका शेर आलमले समेत सिटौलालाई चुनावमा सहयोग गर्ने बताएका छन् । आलम सिटौलाको पक्षमा खुलेपछि राप्रपाको गढ मानिएको कचनकवलमा समेत राप्रपालाई धक्का लाग्ने गठबन्धनका कार्यकर्ताहरुले दावी गरेका छन् । एमालेका तर्फबाट झापा क्षेत्र नं ३ मा उठ्ने इच्छा राखेका प्रसाईले लिङ्देनका कारण उठ्न नपाएपछि विरुद्धमा उत्रिएका हुन् । उनले उम्मेदवारी मनोनयनको समयदेखि नै लिङ्देनको तीब्र आलोचना गर्दै

❖ बाँकी अन्तिम पृष्ठमा

# ढिस्कोले पुरिएर दुई बालक गंभीर घाईते



कुमरखोद(प्रस) । झापा गाउँपालिका वडा १ को मिलनबस्तीमा माई नदीको ढिस्कोले पुरिएर दुई बालक सख्त घाईते भएका छन् । घाईते हुनेहरुमा भीम सोरेनका ६ वर्षिय छोरा मुकेश सोरेन र ललि मुर्मूका ४ वर्षिय छोरा फरमिस मुर्मू रहेका छन् । घरनजिकै रहेको माई नदीको बाँधमा ३ जना छिमेकी बालकहरु खेलिरहेको अवस्थामा बालुवाको बाँध भत्किएर दुईजना बालक पुरिएका थिए । पुरिएपछि उनीहरुसँगै खेलिरहेका अर्का बालकले हल्ला गरेपछि गाउँलेहरुले जम्मा भई तत्कालै उद्दार गरेका थिए । उद्धार गर्ने समयमा बालकहरु अचेत अवस्थामा थिए । तिनीहरुलाई बचाउनका लागि मुखवाट कृत्रिम स्वासप्रश्वास दिएको रघु टुडुले बताए । अहिले दुवै बालकहरुको विर्तामोडको विएण्डसी अस्पतालको सघन कक्षमा उपचार भईरहेको मुकेश सोरेनका ठुला बुवा सुनिलाल सोरेन जानकारी दिएका छन् ।

# बिरिङ पुल पाँच वर्षभित्र निर्माण गर्ने प्रतिबद्धता

बिर्तामोड(प्रस) । झापा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार देवराज घिमिरेले बिर्तामोडबाट खुदुनाबारी जोड्ने बाटोमा पर्ने बिरिङ खोलाको पुल पाँच वर्षभित्रमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् ।
अर्जुनधारा नगरपालिका- ३



त्यसमा भाँजो हाल्ने काम गरेको दावी गरे । घिमिरेले अब मंसिर ४ पछि एमालेको सरकार आएपछि ती अधुरा रहेका कामले निरन्तरता पाउने र अर्जुनधारा नगरपालिकाको मुहार फेर्नमा आफूले निर्णायक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।

❖ बाँकी तेस्रो पृष्ठमा

# ओलीले छुटाए भीम आचार्यको क्षेत्र

झापा(प्रस) । गत शुक्रबार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सुनसरीको निर्वाचन क्षेत्र नं. १ मा आएर सम्बोधन गरे । धरानसहित पर्ने उक्त निर्वाचन क्षेत्रमा आएर ओलीले एमाले र जसपासहितको गठबन्धनबाट उम्मेदवार बनेका अशोक राईलाई जिताए धरानमा खानेपानीबाट काकाकूल हुने अवस्था नआउने बताए । ‘धरानको खानेपानी र विकास निर्माणका लागि राष्ट्रिय योजना, राष्ट्रिय बजेट चाहिन्छ, नेकपा एमालेको सरकार चाहिन्छ,’ उनले भनेका थिए, ‘ पम्पिङ गरेर कोसीबाट पानी ल्याएर एमालेले खुवाउँछ, नगरको बजेटले सम्भावना छैन, मंसिर ४ पछि आयोजना सुरु गर्नेछौँ, काम सुरु गर्नेछौँ, छेउमै कोसी बग्छ, धरान कसरी काकाकूल हुनसक्छ ?’
यसैबीच बुधबार पनि ओली सुनसरी आएका छन् । बुधबार उनले सुनसरीको निर्वाचन क्षेत्र नं. ३ र क्षेत्र नं. ४ मा चुनावी सभामा सम्बोधन गरे । क्षेत्र नं. ३ मा एमालेकी उम्मेदवार भगवती चौधरीलाई मत माग्दै ओलीले यो क्षेत्रमा धाँधली हुनसक्ने संकेत गर्दै कार्यकर्तालाई सचेत रहन सुझाए ।
यो क्षेत्रमा नेपाली कांग्रेसबाट विजयकुमार गच्छदार उम्मेदवार छन् । गच्छदारप्रति इङ्गित गर्दै ओलीले भने, ‘राणा शासन फालियो, पञ्चायत फालियो, अनि विजय गच्छदारले भने

❖ बाँकी अन्तिम पृष्ठमा







# समृद्धिसंग देशको उन्नति गाँस्ने प्रतिबद्धता

भद्रपुर(प्रस) । नेपाली कांग्रेसका महामन्त्री एवम् झापा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार विश्वप्रकाश शर्माले देश र जनताको समृद्धिका लागि गफ होइन काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मंसिर ४ गते हुने निर्वाचनका सन्दर्भमा भद्रपुर १० स्थित वीपी चौकमा आयोजित कोणसभालाई सम्बोधन गर्दै महामन्त्री शर्माले झापा १ सितै देश र जनताको समृद्धिका लागि आफू प्रतिबद्ध रहेको बताएका हुन् ।

'संविधानको रक्षा, लोकतान्त्रिक शासन पद्धतिको विकास र राजनीतिमा परिवर्तनका लागि युवाको आवश्यकता रहेको वर्तमान सम्झन' मतदातालाई आग्रह गरेका शर्माले भने, 'गठबन्धनका उम्मेदवारलाई जिताएर जनताको समृद्धिका लागि काम गर्ने अवसर दिनुहोस् ।'




उनले यस क्षेत्रको स्थानीय समस्याका बारेमा म जानकार छु, भन्दै ती समस्या समाधानका लागि लागिरहने आश्वासन दिए । शर्माले लोकतान्त्रिक बाम गठबन्धनका उम्मेद्वारहरूलाई जिताए विकासको सही अनुभूति दिलाउने समेत आश्वासन दिए । 'कागजमा हेर्दा वा कानले सुन्दा आनन्द हुने विकास होइन, हामी आँखाले देख्नेगरीको विकास गरेर देशको समृद्धि दिलाउँछौं' उनले भने,'झापाको सदरमुकाम चन्द्रगढीको उन्नतिका लागि चन्द्रगढको स्तर उन्नतिसित चन्द्रगढी वनमा रहेको सिमसार क्षेत्रको विकास गरेरै छोड्छौं ।' उनले चन्द्रगढी विमानस्थललाई पश्चिम तथा उत्तरपट्टिबाट क्षेत्र विस्तार गरी अन्तर्राष्ट्रिय उडान गर्न सक्ने स्तरमा ल्याउन लागिपर्ने बताए ।

कार्यक्रममा प्रदेश '१' का उम्मेद्वार गोपाल तामाङले राजनीतिलाई सेवा ठानेर चुनावी मैदानमा होमिएको बताए । उनले राजनीतिलाई पेशा बनाउने र कमाइ खाने भाँडो बनाउने प्रवृत्ति अन्त्य गर्न समेत आफ्नो उम्मेदवारी रहेको प्रष्ट पारेका छन् । यस्तै प्रदेश सभा (२) का उम्मेदवार श्यामवीर लिम्बूले आफू सुकुम्बासीको छोरा भएको बताउँदै आम मजदुर, किसान, सर्वहाराको उन्नतिका लागि इमानदार भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा प्रतिनिधि सभाका समानुपातिक उम्मेद्वार टेकबहादुर लिम्बू, तारा रुचाल, प्रदेश सभा सदस्यका सामानुपातिक उम्मेद्वार बालाजीत राई, नेपाली काँग्रेसकी केन्द्रीय सदस्य गोमा भट्टराई, हास्य कलाकार जोगिन्दर पानवाला, कविता दुलाल, राष्ट्रिय कलाकार जनगायक प्रदिप देवान, शम्भू राई, एस कुमारलगायत राष्ट्रिय कलाकारको टोलीले साँगीतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।

## ओलीले ...

जहिल्यै बाकस साटेर चुनाव जित्ने भन्ने हुन्छ ?' उनले बाकस साटिने भन्दै कार्यकर्तालाई आँखा झिमिक्क नगर्नका लागि उनको निर्देशन थियो । यसैबीच बुधबार नै सुनसरी क्षेत्र नं. ४ मा ओलीले चुनावी सम्बोधन गरेका छन् । सुनसरी ४ मा एमालेका जगदीश कुसियतलाई मत माग्दै उनले भूमिपुत्रलाई जिताउन अपिल गरे । यो क्षेत्रमा नेपाली कांग्रेसबाट वर्तमान सूचना, सञ्चार तथा प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की चुनावी मैदानमा छन् । 'जोडजाडको गठबन्धन सरकारले देश चलाउन सक्दैन,' ओलीले भने, 'देश चलाउनका निम्ति एमालेलाई मत दिनुहोस्, यो क्षेत्रमा भूमिपुत्रलाई जिताउनुहोस् ।'

ओलीले सुनसरीका चार निर्वाचन क्षेत्रमध्ये तीनवटा क्षेत्रमा चुनावी सम्बोधन गर्दा भीम आचार्यको क्षेत्रमा भने मत माग्न छुटाएका छन् ।. एमाले स्थायी कमिटी




सदस्य आचार्य यसअघि प्रदेश १ का मुख्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका व्यक्ति हुन् । एमालेको १० बुँदे पक्षधरका आचार्य पार्टीभित्र माधवकुमार नेपालसँग नजिक थिए । तर, प्रदेश १ को मुख्यमन्त्री पाउने लोभमा उनी पार्टीभित्रै रहेका थिए । ६७ दिन मुख्यमन्त्री बनेका आचार्य यसअघि क्षेत्र नं. १ बाट प्रदेशसभा सदस्यमा विजयी भएका थिए भने अघिल्लो निर्वाचनमा क्षेत्र नं. ४ बाट निर्वाचित भएका थिए । क्षेत्र फेरिरहने आचार्य यसपटक सुनसरी २ बाट चुनावी मैदानमा छन् ।

उनका निकटतम् प्रतिष्पर्धी नेपाली कांग्रेसबाट सीताराम मेहता पुनः दोहोरिएका छन् । मेहता कांग्रेसबाट तेस्रोपटक चुनावमा प्रतिष्पर्धा गर्दैछन् । उनी यसअघि दुईपटक चुनाव जितेर राज्यमन्त्री भएका छन् । सुनसरीका तीनवटा निर्वाचन क्षेत्रमा मत मागेर भीम आचार्यकै निर्वाचन क्षेत्रमा ओली नआउनुले एमालेभित्रै पनि अन्तरघात हुनसक्ने संकेत देखिएको छ । आचार्यलाई एमालेको ओली समूहले त्यति रुचाउँदैन । नेकपा एमाले सुनसरीका जिल्ला सदस्य होमनाथ धमला भन्छन्, 'सुनसरी २ मा हाम्रो प्रतिष्पर्धा नै छैन, सुनसरी ३ र ४ मा कांग्रेसको पावर सेन्टर भएकाले त्यहाँ मात्रै कार्यक्रम आयोजना गरिएको हो ।' ओलीले सुनसरी १ मा एमालेकै मत अशोक राईलाई नजानेजस्तो देखिएपछि ओलीले शुक्रबार सम्बोधन गरेका थिए । धमलाका अनुसार सुनसरी ३ मा कांग्रेसका पूर्व उपसभापति तथा उपप्रधानमन्त्री समेत रहेका विजयकुमार गच्छदारले एमालेकी भगवती चौधरीलाई दुईपटक पराजित गरेकाले यसपटक कुनै हालतमा चौधरीले जित्ने रणनीति बनाइरहेका बेला ओलीले सम्बोधन गरेका हुन् । उता सुनसरी ४ मा सञ्चारमन्त्री ज्ञानेन्द्र कार्कीको उम्मेदवारी भारी भएकाले एमाले जिल्ला इञ्चार्ज समेत रहेका जगदीश कुसियतको पक्षमा मत माग्न ओली सुनसरी आएका हुन् । धमलाले भने, 'सुनसरी २ मा हामी सहजै जित्छौं र बाँकी रहेका क्षेत्रमा पनि अध्यक्षको सम्बोधनबाट माहोल बन्ने भएकाले यी क्षेत्रमा मात्रै कार्यक्रम आयोजना गरिएको हो ।'

# प्रचण्ड सहभागी कार्यक्रमस्थलनजिक बम विस्फोट



झापा(प्रस) । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सहभागी कार्यक्रमस्थल नजिकै बम विस्फोट भएको छ । भोजपुरको तिवारी भन्ज्याङ भन्ने स्थानमा प्रचण्ड सहभागी चुनावी कार्यक्रमस्थल नजिकै एक व्यक्तिले बोकेको बम विस्फोट भएको हो । बम कुन हो र विस्फोट गराउने को हुन् भन्नेबारे थप जानकारी आउन बाँकी रहेको प्रदेश १ प्रहरी कार्यालयका एसपी नवीनराज राईले जानकारी दिए । बम विस्फोट भएपनि कुनै मानवीय क्षति भने भएको छैन । प्रहरीले बम विस्फोटमा संलग्न रहेको आशंकामा एकजनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ । बुधबार प्रचण्ड प्रदेश १ का विभिन्न स्थानमा आयोजित कार्यक्रममा सहभागी हुने क्रममा भोजपुर पुगेका थिए ।

# पत्रकार घिमिरेमाथि भएको आक्रमणको निन्दा

झापा(प्रस) । सगरमाथा टेलिभिजनका झापा संवाददाता पुजन घिमिरेलाई ज्यान मार्ने उद्धेश्यले गरिएको भौतिक आक्रमणप्रति नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ । नेपाल पत्रकार महासंघ केन्द्र, नेपाल पत्रकार महासंघ प्रदेश नं. १ र महासंघ झापा शाखाले बुधवार छुट्टाछुट्टै बिज्ञप्ति जारी गर्दै दोषीलाई कडा कारबाही गर्न माग गरेका छन् । गत कात्तिक २४ गते राति बिर्तामोडमा ज्यान मार्ने उद्देश्यले भौतिक आक्रमण गरी पत्रकार घिमिरेले प्रयोग गरेको बीएए २६२७ नम्बरको कार तोडफोड गरिएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको हो । पीडित पत्रकार घिमिरेका अनुसार बिर्तामोडको इलाका प्रहरी कार्यालयबाट केही पूर्वतर्फ रहेको पपुलर होटलमा खाजा अर्डर गरेर खानका लागि पर्खिरहेका बेला वियरको बोतल बोकेर अचानक होटल प्रवेश गरेका स्थानीय नितेश डाँगी नाम गरेका व्यक्तिले 'समाचार किन लेखेको ?' भन्दै पत्रकार घिमिरेमाथि बोतल प्रहार गरेका थिए । बोतल होटलको ढोकामा लागेर फुटेको छ भने पत्रकार घिमिरे बच्न सफल भएको प्रहरीको भनाइ छ । पत्रकार घिमिरे त्यहाँबाट होटल सञ्चालकको सहयोगमा ज्यान बचाएर भागेपछि ती व्यक्तिले ईंटा प्रहार गरी गाडी तोडफोड गरेका थिए । बिर्तामोडका व्यवसायी दुर्गा प्रसाईले बीएण्डसी मेडिकल कलेजका लागि जग्गाधनी पूर्जा किर्ते गरी सरकारी निकायमा पेश गरेर अस्पताल सञ्चालनको अनुमति लिएको र प्रसाईले दुवईमा कम्पनी खोली अवैधरुपमा करोडौं नेपाली रुपैयाँ पुर्याएर व्यवसाय शुरु गरेको भन्ने विषयमा सगरमाथा टेलिभिजनलगायतका सञ्चारमाध्यममा प्रसारित समाचारको विषयलाई लिएर पत्रकार घिमिरेलाई केही व्यक्ति तथा समूहले भौतिक कारबाहीको धम्की दिँदै आएका थिए । दुर्गा प्रसाईकै निर्देशनमा नितेश डाँगीलगायतका व्यक्ति आफूमाथि आक्रमण गर्न आएको पत्रकार घिमिरेको दाबी छ । पत्रकार घिमिरेमाथिको धम्कीको निन्दा गर्दै गत कात्तिक २० गते नेपाल पत्रकार महासंघ झापाले धम्की दिने व्यक्तिलाई कानूनी दायरामा ल्याउन र पत्रकारको सुरक्षामा गम्भीर हुन स्थानीय प्रशासनको ध्यानाकर्षण गराएको थियो ।पत्रकारलाई असुरक्षित बनाउने गरी धम्की दिने, आक्रमण गर्नेजस्ता अराजक गतिविधिको निन्दा र भर्त्सना गर्दै उक्त घटनाको वास्तविकता छानविन गरी दोषीलाई तत्काल पक्राउ गरेर कानुनी कार्वाही अघि बढाउन तथा पत्रकारको सुरक्षाको ग्यारेन्टी गर्न स्थानीय प्रहरी प्रशासन एवं सरकारको ध्यानाकर्षण गराएको महासंघका महासचिव रोशन पुरी, प्रदेश नं. १ का महासचिव विवेक गौतम र झापा सचिव सचिव डिकेश लामाद्धारा हस्ताक्षरित बिज्ञप्तिमा उल्लेख छ ।

## दुर्गा ...

आएका छन् ।

यसैबीच झापा- ३ बाट सत्तारुढ गठबन्धनका सिटौलाले एमाले अध्यक्ष केपी शर्मा ओलीको बुबासँग भोट मागेका छन् ।

सिटौलाले भद्रपुर- १ पृथ्वीनगर स्थित हिमाली चोकमा चुनावी घरदैलो क्रममा ओलीका बुबा मोहनप्रसाद ओलीसँग भोट मागेका हुन् । ओलीको बुबा बस्दै आएको घरमै पुगेर सिटौलाले दुई हात जोडेर भोट मागेका थिए । ओलीको बाबु मोहनप्रसादले सिटौलालाई चिन्न नसकेपछि आसपासका कार्यकर्ताहरूले उनलाई चिनाएका थिए ।

यस क्षेत्रमा एमाले र राप्रपाबीच चुनावी तालमेल भएको छ ।

एमालेले साझा उम्मेदवारको रुपमा राप्रपाका अध्यक्ष लिङ्देनलाई उम्मेदवार बनाएको छ ।


# Invitation for Quotations

## Shivasatakshi Municipality

office of municipal executive

province 01,Jhapa

**Date of publication: 2079/08/01(17-Nov-2022)**

The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|
| 02/SM/SQ/Goods/ 2079/080 | Procurement of Bulk Milk Cooler | 1000.00 | 18,000 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Byangdada,-Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com

AcompletesetofBiddingDocumentsmaybepurchasedfromtheShivasatakshiMunicipalityByangdada,JhapabyeligibleBiddersonthesubmission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2079/08/15(01-Dec-2022) during office hours.

Sealed bids must be submitted to the office Shivasatakshi Municipality by hand or Courier on or before 12:00 noon on 2079/08/16(02-Dec-2022). Bids received after this deadline will be rejected.

The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 , 2079/08/16(02-Dec-2022). the office of Shivasatakshi Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid

If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. 3140010000161 on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Birtamod Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

or

Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. Xerox copy of bid bond is mandatory.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.

All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.

Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative officer**



बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### आर्थिक प्रलोभनमा नपरौं

अब स्थीर समय शुरु हुँदा उम्मेदवारहरुले पैसा बाँड्न सक्छन् । निर्वाचन माहोल कसको पक्षमा जान्छ भन्ने आँकलन भइरहँदा उम्मेदवारहरूले चुनावलाई प्रभावित पार्न पैसा तथा अन्य सामग्री वितरण गर्न थालेका कुरा सार्वजनिक पनि भइरहेका छन्। विशेषगरी सत्तामा रहेका सत्ताधारीहरूले साधन स्रोतको दुरुपयोग गर्दै र उच्च तहबाट करोडौं रुपैयाँ सहयोगस्वरूप उठाएर संस्थागत रूपमा नै पैसा वितरण गर्न थालेका विषय बाहिर आइरहेका छन् । यसमा निर्वाचन आयोगले सुक्ष्म अध्ययन र अनुसन्धान गर्न जरुरी छ ।

सर्वसाधारण जनतालाई कुनै प्रकारको लोभलालचमा नपारी स्वतन्त्र र भयरहित वातावरणमा भोट हाल्न पाउने अवस्था सिर्जना गर्नु सबै राजनीतिक दलको परम कर्तव्य हो। तर, सत्ता पक्ष तथा प्रतिपक्ष कसैले पनि यो विषयलाई गम्भीरताका साथ लिएको देखिँदैन ।

निर्वाचन आयोगले सत्ता, शक्ति र पैसाको दुरुपयोग नगर्न सबै दललाई र सर्वसाधारणसहित मतदातालाई पनि सतर्क गराउँदै आइरहेको भए पनि विभिन्न ठाउँमा लुकिछिपी गलत हर्कत भइरहेका छन् । पैसा बाँड्नु आचारसंहिताविपरीतको कार्य भएकाले पैसा बाँडेको पुष्टि भएमा त्यस्ता उम्मेदवारको उम्मेदवारी नै रद्द गर्ने किसिमले आयोग कठोर बन्नुपर्ने अवस्था आएको छ ।

विचार र नीति तथा कार्यक्रमका आधारमा मत मागिनुपर्ने, स्वस्थ दलीय प्रतिस्पर्धा हुनुपर्ने, बहुदलीय प्रणालीको रक्षा र सुदृढीकरणका लागि राजनीतिक पार्टीहरू लागिपर्नुपर्ने भन्ने जस्ता विचार र आदर्शका कुरा गरे पनि भित्रभित्र पैसाले मत किन्ने क्रम सुरु हुनु निकै दुःखद् हो ।

अहिलेको यो संसदीय तथा प्रादेशिक निर्वाचनको मतदान हुने अन्तिम चरणमा आएर साम, दाम, दण्ड र भेदको प्रयोग भइरहेको सर्वसाधारणले पनि नांगै आँखाले देख्न र महसुस गर्न थालिसकेका छन् । यो भनेको प्रजातन्त्रको अभिशाप हो। नेपालमा प्रजातान्त्रिक अभ्यास गरेको लामो समय पनि भएको छैन। तर, विकृति र विसंगति भने सबै भित्रिएको छ । यतिसम्म कि, स्थीर अवधिको समयभित्र निर्वाचन आचारसंहिताको सबैभन्दा बढी उल्लंघन गर्ने गरिन्छ। यो अवधिमा पैसाको चलखेल निकै हुने गर्छ । अहिले पनि यही धन्दा सुरु भएको छ । पैसा बाँडेर मत प्रभावित पार्ने काम बन्द गर । मतदाताहरु सचेत बनौं । आर्थिक प्रलोभनमा नपरी असल र इमान्दार उम्मेदवारलाई मतदान गरी विजयी गराऔं ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# मतदानमा सहजीकरण



• भरत गौतम

जनताको अभिमतको व्यवस्थापनबाट लोकतन्त्र सुदृढ बनाउन निर्वाचन गर्ने गरिन्छ र आसन्न निर्वाचन नजिकिँदै छ। जनताले पाँच वर्षका लागि आफ्ना जनप्रतिनिधि छान्न आतुर छन् । चुनावको माहोल मतदान गर्ने तयारीमा पुगेको छ। जनताको अपेक्षा र शासकीय प्रभावकारिता बीचमा सन्तुलन कायम गरी जीवनस्तर सुधार गर्न र लोकतन्त्रको लाभ लिन मतदाता मतदान गर्न प्रतीक्षारत छन् । मतदानको व्यवस्थापनका लागि तयारी अवस्थामा राज्य संयन्त्र सक्रिय रहेको छ। आमनिर्वाचनको तयारीको अन्तिम चरणमा रहेको बेला सबैले चुनाव निष्पक्ष र धाँधलीरहित हुनुपर्ने अपेक्षा गर्नु स्वाभाविक हो । चुनावको माहोल मतदान केन्द्रमा पुगेको अवस्थामा आममतदाताले आफ्नो अभिमतलाई निर्भीकता साथ मतदानबाट व्यक्त गरी शासन र सरकारको स्वरूप निर्धारण गर्ने आधार तय गर्नुपर्छ । जनताको सार्वभौम अधिकारको गोप्य मतदानबाट उपयोग गर्नु र गराउन सबैको सक्रियताको अपेक्षा गरिएको छ ।

मतदानको व्यवस्थापनका लागि आवश्यक कर्मचारी , निर्वाचन सामग्री , सुरक्षा बन्दोबस्त , मतदाता शिक्षा , जनशक्तिलाई तालिम र अन्य बन्दोबस्तीको व्यवस्था भएको पाइन्छ। आमचुनावमा मतदान गर्न कसैलाई दबाब र प्रभाव नहोस् भन्ने विषयमा चुनाव पर्यवेक्षण र अनुगमनको व्यवस्था पनि भएको छ। आमचुनावको लागि आवश्यक व्यवस्थापन मापदण्डका खाकाहरू तयार भएका छन् । मतदान गर्न सहज र सरल होस् भनेर स्वयंसेवकको व्यवस्था गरिएको छ। आमनिर्वाचनको महान् अभियानमा मतदाता केन्द्रित मतदान व्यवस्थापन गर्न राजनीतिक दल , मतदान केन्द्रित कर्मचारी , सुरक्षा संयन्त्र , आमसञ्चार र स्वयं मतदाताको महत्वपूर्ण भूमिका रहन्छ। आमचुनावको प्रमुख भूमिकामा राजनीतिक दल वा उम्मेदवारको हुने हुँदा मतदान व्यवस्थापनमा सक्रिय भूमिकाको अपेक्षा गरिएको छ। दल वा उम्मेदवारले निर्वाचन आचारसंहिता र प्रचार प्रसारको शून्य समयको पालना गरी मतदानको निष्पक्षता र मतदाताको सहभागिता बढाउन अग्रसर हुने , मतदानमा आउन सक्ने सानातिना विवादको व्यवस्थापन गर्ने जस्ता विषयमा राजनीतिभन्दा माथिको सोचका साथ निष्पक्ष रूपमा सहयोग पुऱ्याउने सक्रिय भूमिकाको अपेक्षा गरिएको छ। मतदान व्यवस्थापन गर्न खटिएका कर्मचारी र सुरक्षा संयन्त्रले आमनिर्वाचनको महान् अवसरमा मतदाताको सहभागिताको व्यवस्थापन गर्ने , मतदाताको मतदानको विशेष व्यवस्थापन गर्ने , शून्य समयको पालना गराउने, मतदान क्षेत्र वरिपरि मदिरा निषेध तथा शान्त वातावरण बनाउने , मतदानको कामको जिम्मेवारी तोक्ने , सुरक्षा संयन्त्र र मतदान व्यवस्थापनको समन्वय गर्ने सर्वदलीय बैठक गरी मतदानमा आउन सक्ने जोखिमको न्यूनीकरण गर्न तयारी गर्नेजस्ता विषयमा मतदान अधिकृत र अन्य कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ। आमचुनावमा मतदाताले मत कलाई दिने भन्ने निर्णय आफैँ गर्नु पर्छ र आफ्नो जनमतको सदुपयोग आफैँ गर्न अग्रसर हुनुपर्छ। मतदानको बेलामा मत दिन अलमल गर्नु वा अर्काको साहारा खोज्नु राम्रो हुँदैन र मतदाताले मत दिने चिह्नको घेराभित्र पर्ने गरी मतदान गर्दा मत बदर हुँदैन। मतदाताले मतदान गर्दा मतदाता शिक्षाको भरपूर उपयोग गर्नुपर्छ। मतदानको समयमा केही अलमल भए मतदान अधिकृत वा अन्य कर्मचारीको सहयोग लिन सकिन्छ। तर मत कसलाई दिने भन्ने विषयमा भने आफैँ निर्णय गर्नुपर्छ। मतदानअघि मतदानको व्यवस्थापन गर्न वैकल्पिक आधारहरू तय गर्ने र मतदान हुनुपूर्वका विधिको पालना गर्ने गराउने काम गर्नुपर्छ। मतदानमा खटिएका कर्मचारी र सुरक्षा संयन्त्रबीचमा बैठक बसी मतदानको दिन आउन सक्ने जोखिमको व्यवस्थापन गर्न रणनीति बनाई अघि बढ्ने र मतदानमा सहभागी मतदाताले समयमै मतदान गर्न सक्ने वातावरण बनाउनु पर्छ। आमचुनावको दिन मतदाताले चारवटा मतपत्रमा मतदान गर्नै पर्छ। प्रतिनिधि सभाको प्रत्यक्षतर्फको मतदान गर्ने र त्यसपछि प्रतिनिधि सभाको समानुपातिकको मत दिनुपर्छ। त्यसपछि सम्बन्धित प्रदेश सभाको प्रत्यक्षतर्फ मतदान गने र प्रदेश तर्फको समानुपातिक मतदान गरेपछि मात्र मतदाताको महान् काम सम्पन्न हुन्छ। मतदान व्यवस्थापनका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मतदान निर्देशिकाको विधि तय भएको छ। मतदान व्यवस्थापन गर्न मतदान निर्देशिकाको अक्षरशः पालनामा जोड दिन आवश्यक छ। मतदानको समयमा मतदानको अवरोध नहोस् भनेर निर्वाचन कसुर सजाय ऐनको व्यवस्था गरिएको छ। मतदान व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन र अन्य कानुनको व्यवस्था भएका छन्। मतदान व्यवस्थापन गर्न मतदान अधिकृतको काम कर्तव्य र जिम्मेवारी तोकिएको छ। सहायक मतदान अधिकृत र अन्य कर्मचारीको जिम्मेवारी पनि उल्लेख गरिएको छ।

आमचुनावमा मतदानको राम्रो व्यवस्थापन गर्न सके मतदातामा उत्साह हुने, सुरक्षाको अनुभूति भई चुनावमा सहभागिता बढ्ने र चुनावको माहोल सकारात्मक दिशातिर निर्देशित हुन्छ। मतदान नै आमचुनावको महत्वपूर्ण कार्य भएकोले मतदानको महत्वको सबै मतदातले आत्मसात् गर्नु हुनेछ। मतदानको व्यवस्थापनको सहज वातावरण बनाउन मतदातालाई आवश्यक खानेपानीको ब्यवस्था गर्ने, शौचालयको व्यवस्थापन, वृद्ध शारीरिक कमजोर भएका र सुत्केरी बिरामीलाई चाँडो प्रक्रियाबाट मतदान गर्न व्यवस्था मिलाउने, अशक्त र वृद्ध मतदाताको अस्थायी विश्राम स्थल बनाउने र मतदाताको मतदानपछि घर फर्कने वातावरण बनाउनेजस्ता काममा विशेष ध्यान दिनुपर्ने देखिन्छ। मतदान स्थलमा विवादित विषयमा मतदान अधिकृत वा सहायकले विधि प्रक्रियाको अवलम्बन गरी निर्णय लिनुपर्छ। मतदान स्थलको अवस्थाको तोकिएको एस.एम. एस.बाट निरन्तर जानकारी गराइराख्नु पर्छ। मतदान हुनुपूर्व मतदानको मुचुल्का तयार गर्ने र मतदान सकिएपछिका मुचुल्का र सिलबन्दी गर्ने काममा हासियारीपूर्वक प्रतिनिधिको राहोबरमा गरी सहीछाप लगाइ मत पेटिकाको सुरक्षा गरी तोकिएको स्थानमा मतपेटिका, मुचुल्का र खर्च नभएका सामग्री बुझाउने र बुझाएको भरपाइ वा निस्सा लिनुपर्छ। मतदानको मतपेटिकाको सुरक्षा व्यवस्था गरी सम्बन्धित स्थानमा बुझाएपछि मतदानको व्यवस्थापनको अन्तिम चरण समाप्त हुन्छ। नेपालको भूगोलको अवस्था र मतदाताको मत दिने अधिकारको व्यवस्थापन गर्न चुनौतीहरू पनि छन्। मतदानको बेला सुरक्षा चुनौती पनि देखिन सक्छन्। मतदानको स्थल वरिपरि भोजभतेर जस्ता आचारसंहिता विपरीतका काम हुन सक्छन्। मत दिएको फोटो खिच्ने र जबरजस्त गर्न खोज्ने मतदाताको मत दिने अधिकारको अस्वस्थ वा आँखा नदेख्ने जस्ता बहाना बनाई आफैँ मत दिन खोज्नेलगायतका चुनौती देखिन सक्छन्। मतदानको व्यवस्थापनको महत्वपूर्ण चुनौती सिलबन्दी मतमेटिका तोकिएको स्थानमा पुऱ्याउनु वा बुझाउनु हो। यस विषयमा निर्वाचन आयोगले विशेष रणनीति बनाएको छ। दुर्गम र विकट स्थानका मतदाताको जनमतको संरक्षण गर्ने र चुनावमा सहभागिताको सहज अवस्था बनाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ। चुनावजस्तो महान् कार्यमा सबैले विशेष महत्व दिन आवश्यक छ। आवधिक निर्वाचनमा सहभागिता भई भोलिको भविष्य निर्धारण गर्न सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। समय आउँछ पर्खिँदैन भनेझैँ समयमा गर्ने काममा आममतदाताले ध्यान दिने र मतदानको महान् कार्यमा सरिक भई शासकीय आधार तय गर्न लाग्नुपर्ने हुन्छ। मतदाताको मतको व्यवस्थापन गर्न राज्य संयन्त्रको प्रभावकारी भूमिका रहेको र यसका लागि आममतदाता, राजनीतिक दल, कर्मचारी एवं सुरक्षा अङ्गसमेतको संयुक्त प्रयासबाट सफलता मिल्ने अपेक्षा गरिएको छ।

# सार्वजनिक प्रशासनमा परिवर्तन



• टीकाराम आचार्य

सामान्यतया परिर्वतनले चालू स्थितिको तुलनामा हुने विचलन वा फरकपनालाई जनाउँछ। परिवर्तन एउटा बिन्दुबाट अर्को बिन्दुतर्फको प्रस्थानको यात्रा हो। परिवर्तनले गतिशीलताको मार्गचित्र तय गर्छ। तसर्थ, परिवर्तनले यथास्थितिबाट सुधारतर्फको यात्राका धारणा प्रस्तुत गर्छ। यथास्थितिको मार्गबाट विकासको खुट्किलासमेत निर्माण गर्नका लागि टेवा पुऱ्याउने गर्छ। यो एक चलायमान अवधारण हो। परिवर्तन सधैँ सकारात्मक हुन्छ भन्ने पनि हुँदैन। कुनै पनि गतिशील समाज , सङ्गठनका लागि परिवर्तन अपरिहार्य तत्वको रूपमा रहने गर्छ। तसर्थ, परिवर्तनका लागि आन्तरिक र बाह्य दुई किसिमका शक्ति रहन्छन्। परिवर्तन आमूल र क्रमिक , योजनाबद्ध र प्रतिक्रियात्मक पद्धतिका आधारमा हुने गतिशील तत्वका रूपमा लिने गरिन्छ।

कुशल नेतृत्वले प्रतिरोधको पूर्वानुमान गरी परिवर्तनलाई सहज रूपमा व्यवस्थापन गर्न सक्नुपर्छ। कुनै पनि व्यक्ति , घर , परिवार , समाज , सङ्गठन , राष्ट्रको गतिशिलताका लागि परिवर्तन आवश्यक रहन्छ। परिवर्तन यथास्थितिबाट रूपान्तरणको यात्रा हो।

सङ्गठनात्मक परिवर्तनले सङ्गठनको कुनै विशेष क्षेत्र वा सम्पूर्ण कार्य प्रक्रियामा प्रभावकारिता अभिवृद्धि गर्न परिवर्तन आवश्यक हुन्छ। परिवर्तनको स्वरूप र यसले पार्ने प्रभावको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। परिवर्तनलाई अङ्गीकार गर्दा यसले पार्ने असर र प्रभावका बारेमा प्रारम्भमै सजग र सचेत हुनुपर्छ। परिवर्तन व्यवस्थापनले सङ्गठनलाई गतिशील बनाउँदै परिवर्तित परिवेशलाई आत्मसात् गर्न, सङ्गठनले प्रवाह गर्ने सेवामा परिमार्जन गर्न तथा उत्पादित वस्तुलाई प्रतिस्पर्धी र गुणस्तरीय बनाउन, नयाँ मूल्यमान्यता र प्रविधिलाई आत्मसात् गर्न, सुधारात्मक कार्यप्रक्रिया अवलम्बन गर्न, सङ्गठनको दक्षता र प्रभावकारिता अभिवृद्धि गर्न, विगतका कमीकमजोरीको पहिचान गरी सुधार गर्न मद्दत मिल्छ। परिवर्तन व्यवस्थापनका विभिन्न आयाम जस्तै राजनीतिक, न्यायिक, प्राविधिक, आर्थिक, सामाजिक-सांस्कृतिक, व्यवस्थापकीय, आन्तरिक तथा बाह्य प्रभाव आदि आयाम रहन्छन्।

परिवर्तन व्यवस्थापनलाई संस्थागत गर्न आन्तरिक र बाह्य शक्तिहरू रहन्छन् जस्तै आन्तरिक शक्तिको रूपमा नयाँ रणनीतिको अवलम्बन, जनशक्ति अभिवृद्धि, श्रमिक वा कर्मचारीको दबाब आदि त्यस्तै बाह्य शक्तिको रूपमा उत्पादनका नयाँ नियमहरू, प्रतिस्पर्धी सङ्गठनको रणनीति, राजनीतिक परिवर्तन, नयाँ ऐन नियम, अदालतको निर्णय र निर्देशन, नयाँ प्रविधिको प्रयोग, मौद्रिक तरलता, आर्थिक मन्दी, लागत वृद्धि, सामाजिक सांस्कृतिक मूल्य मान्यता आदि। सङ्गठनमा परिवर्तन व्यवस्थापनले मुख्यतः दुई पक्षमा जोड दिन्छ। जस्तै परिवर्तनको अवरोधको समाधान गर्ने र नयाँ ढङ्गबाट सङ्गठन सञ्चालन गर्ने।

सार्वजनिक प्रशासनमा परिवर्तन ल्याउन बाध्य बनाउने विभिन्न स्रोत जिम्मेवार रहेका हुन्छन्, जस्तै राजनीतिक, कानुनी, प्राविधिक, कार्य वातावरण, सङ्गठनात्मक स्वरूप आदि। सामान्य अर्थमा भन्ने हो भने उद्देश्य र उपलब्धिबीचको खाडलले परिवर्तनको आवश्यकतालाई उजागर गरिरहेको हुन्छ। त्यस्तै परिवर्तन व्यवस्थापनका विभिन्न प्रकार रहन्छन् जस्तै प्रवृत्तिका आधारमा क्रान्तिकारी र सुधारात्मक परिवर्तन, गतिको आधारमा द्रुत र सुस्त परिवर्तन, प्रकृतिका आधारमा प्राविधिक र व्यवस्थापकीय परिवर्तन, लक्ष्यका आधारमा प्रक्रियागत र गुणात्मक परिवर्तन, माग र आपूर्तिका आधारमा मागका आधारमा गरिने परिवर्तन र आपूर्तिका आधारमा गरिने परिवर्तन आद।

परिवर्तनका तरिकाहरू मूलतः परिवर्तन व्यवस्थापन योजनाबद्ध र परिस्थितिजन्य तवरबाट हुने गर्छ। जसले परिवर्तनलाई अवश्यभावी बनाउँछ। तसर्थ, योजनाबद्ध रूपमा हुने परिवर्तन एउटा निश्चित स्वरूपमा पूर्वनिर्धारित कार्यप्रक्रिया अनुरूप हुन्छ जुन सुधारात्मक परिवर्तनसँग सम्बन्धित रहन्छ भने परिस्थितिजन्य परिवर्तन अपेक्षा वा योजना नगरिएको घटनाको प्रतिक्रियाको रूपमा आउनुका साथै कुनै विशेष अवस्थाले सिर्जना गरेको परिवेशलाई सम्बोधन गर्न बाध्य बनाउँछ। त्यसैले जहिले पनि आकस्मिक रूपमा हुने परिवर्तनलाई भन्दा योजनाबद्ध रूपमा हुने परिवर्तनलाई नै प्राथमिकता दिने गरिन्छ। परिवर्तन व्यवस्थापनका केही प्रतिरोध पनि रहन्छन्।

सबै परिवर्तनलाई सबैले सहजताका साथ स्वीकार गर्दैनन् र यसको समुचित व्यवस्थापन गर्न आवश्यक हुन्छ। परिवर्तनलाई प्रतिरोध गर्नको पछि निश्चित कारण रहेका हुन्छन्। परिवर्तनले अनिश्चय ल्याउँछ। सेवाको असुरक्षाको भावना विकास गराउँछ। यथास्थिति भित्रैबाट पूर्ति भएको स्वार्थको शृङ्खला भत्किने डर हुन्छ। प्रयोग गरिरहेको अधिकार खोसिएला भन्ने चिन्ता हुन्छ। परिर्वतनप्रति हरेक व्यक्तिका भिन्नभिन्न धारणा, मूल्याङ्कन तथा आकलन हुन सक्छन्।

सामाजिक सम्बन्धमा विचलन आउने डर पनि उत्तिकै हुन्छ, जसले परिवर्तनलाई प्रतिरोध गराउँछ। यस्ता विषय जे परिवर्तनसँगै जोडिएर परिवर्तनको विरुद्धमा आइरहेका हुन्छन्, तिनको समुचित व्यवस्थापन गरेर मात्र परिवर्तनप्रति सबैलाई प्रतिबद्ध बनाउन सकिन्छ।

परिवर्तनले नयाँ कुराको थालनी गर्छ। यो सुधारतर्फको यात्रा हो। त्यसैले परिवर्तनलाई प्रतिरोधले पराजित हुन दिन हुँदैन। सहभागिता परिवर्तनको प्रतिरोध हुन नदिने प्रमुख उपाय हो। परिवर्तनको योजनादेखि कार्यान्वयनसम्म सरोकारवालाको सहभागिताले परिवर्तनप्रति अपनत्वको भावना विकास गर्छ। अनिश्चितता घटाउँछ। परिवर्तनको आवश्यकताबारेमा प्रारम्भदेखि नै सम्बद्ध सरोकारवालालाई शिक्षित र सुचित गर्न सकियो भने परिवर्तनप्रति सकारात्मक भावनाको विकास गर्न मद्दत पुग्छ। आकस्मिक रूपमा परिवर्तन नगरी परिवर्तनको कार्ययोजनाका बारेमा सम्बद्ध सरोकारवालालाई अभ्यस्त गराई त्यसपछि कार्यान्वयनमा ल्याइएमा सम्भवतः प्रतिरोधबाट बच्न सकिन्छ। त्यसैगरी, कुनै पनि परिवर्तनको पक्ष र विपक्षमा तर्कहरू हुन सक्छन्। पक्ष विपक्षमा जनमत नै हुन सक्छ। त्यस्ता तर्क र जनमतको शक्ति र अवस्थाको समुचित विश्लेषण गर्दै परिवर्तनका बाहकहरूले प्रतिरोधक शक्तिलाई क्रमशः शून्य गर्दै लैजानुपर्छ। प्रतिरोधलाई न्यून गर्ने अन्तिम अस्त्रचाहिँ दबाब वा बल प्रयोग गर्नु हो।

तर यो सबैभन्दा पछिल्लो रणनीतिको रूपमा मात्र आउँछ। त्यस्तै कुनै पनि सङ्गठनलाई परिवर्तित तुल्याउनका लागि मुख्यतः तीनवटा पक्षहरूमा ध्यान दिनुपर्छ। पहिलो सङ्गठनात्मक संरचना, स्वरूप र ढाँचा, दोस्रो प्रविधि र कार्यसञ्चालन प्रक्रिया र तेस्रो सङ्गठनमा क्रियाशील जनशक्ति।

पहिलो परिवर्तनले सङ्गठनको बाह्य पक्षमा परिवर्तन गर्छ। यस्तो परिवर्तन भौतिक वा देखिने प्रकृतिको हुन्छ। दोस्रो खालको परिवर्तनले सङ्गठनको कार्यप्रक्रियालाई छिटोछरितो र सरल बनाउँछ। यो परिवर्तनद्वारा परिणाम दिने माध्यम हो। तेस्रोले आन्तरिक वा अन्तःचेतनामा सुधारको विषय समेटेको पाइन्छ। यी अनुभूति गर्न सकिने सुधारको क्षेत्र हो।

नेपालको सार्वजनिक प्रशासन बाह्य दबाबको आधारमा मात्र परिवर्तन हुने गरेको पाइन्छ। विशेषगरी राजनीतिक परिवर्तनसँग जोडिएर सार्वजनिक प्रशासन संयन्त्रमा परिवर्तन हुने गरेको देखिन्छ। सहयोग प्रदान गर्ने दाताहरूको दबाब, निर्देशन र पूर्वसर्तका कारण परिवर्तनलाई अङ्गीकार गरिने गरिन्छ। नेपालको सार्वजनिक प्रशासन केवल संरचना र प्रक्रियामा परिवर्तन गर्न उत्सुक देखिन्छ। समयको गति परिवर्तनको आधार बन्ने गरेको छ। परिवर्तनलाई प्रतिरोध गर्ने संस्कृति प्रशासनमा व्याप्त छ। कुनै पनि परिवर्तनलाई बीचैमा लत्याएर यथास्थितिकै आडलाई वकालत गर्ने गरिन्छ । नेपालका प्रशासनिक सङ्गठनमा परिवर्तन व्यवस्थापन मिश्रित किसिमको रहेको पाइन्छ। परिवर्तन व्यवस्थापनका लागि विभिन्न समयमा अनेकौँ प्रयास भएका छन् र सफलता पनि हासिल भएका छन्। तर ती व्यवस्थापन योजनाबद्ध, रणनीतिक र अध्ययन अनुसन्धानमा आधारित भने हुने गरेको पाइँदैन। धरैजसो परिवर्तन व्यवस्थापन तदर्थवादमा आधारित हुन्छन्।

एक किसिमको परिवर्तनको व्यवस्थापनका राम्रा पक्षलाई अर्को परिवर्तन व्यवस्थापन गर्दा पृष्ठपोषणको रूपमा लिने गरिँदैन। सङ्गठनमा कार्यशैली र व्यवहारगत पक्षमा सुधार गर्ने विषय सधैँ गौण रहने गरेको छ। संरचना र प्रक्रियामा परिवर्तन गर्ने विषयमा जोड दिने गरिएको छ। हरेक चासोलाई अन्तिम घडीमा आएर टालटुल गर्ने संस्कारको विकास भएको छ, जसले गर्दा दीर्घकालीन समाधान दिन सक्दैन।

कुनै पनि सङ्गठनमा परिवर्तनको आवश्यकता हुन्छ। नेपालको सार्वजनिक प्रशासनमा परिवर्तन व्यवस्थापन गर्ने क्रममा व्यवस्थापनले विविध किसिमका अवरोधको सामना गर्नुपर्ने हुन्छ। तर नेपालको सार्वजनिक प्रशासनले बदलिँदो परिवेशअनुरूप परिवर्तन व्यवस्थापनलाई आत्मसात् गर्न सकेको छैन।

तथापि योजनाबद्ध तरिकाले समस्याको सही पहिचान, तिनको उचित कार्यान्वयन र मूल्याङ्कनको माध्यमबाट नेपालको सार्वजनिक प्रशासनमा परिवर्तनको व्यवस्थापन गर्न सकिन्छ। फलस्वरूप परिवर्तन व्यवस्थापनले सार्वजनिक प्रशासनको ख्याति, लाभ लागत कमी, सेवा प्रवाहमा सरलता, कर्मचारीको मनोबलमा वृद्धि आदि पक्षमा सकारात्मक परिवर्तन ल्याउने गर्छ।

# नेपालकाे राजनीति– काले काले मिलेर खाउँ नीति ;

• **दिपेन्द्र राउत**

कांग्रेसको नारा लगाउँदै हसिया हथौडामा भोट हाल्नु परेको छ , माओवादीको गीत गाउँदै कांग्रेस उम्मेदवारलाई बोक्नु परेको छ । मंसिर ४ एमाले सरकार भन्दै हलोमा भोट हाल्नु परेको छ । राजा आऊ देश बचाऊ भन्दै एमालेको झण्डा बोक्नु परेको छ । राजनीति अजिव छ , भोट नहालौं आफ्नो अधिकार कसरी खेरा फाल्नु ? भोट हालौं कसरी जानी जानी खराव व्यक्तिलाई आफ्नो अमूल्य मत दिउँ □ कम्तिमा राइट टु रिजेक्टको व्यवस्था भए आफूलाई कुनै उम्मेदवार पनि मन नपरेको अभिमत व्यक्त गर्न सकिन्थ्यो । यी वाक्य सामाजिक सन्जालमा लक्ष्मण बस्नेतले लेख्नु भएको छ । उहाँको अनुमति लिएर यसैबाट विषय उठान गर्न खोज्दैछु ।

अब चुनाव आउन ४ दिन बाँकी होला । तर मतदातामा यी यस्ता प्रश्नहरु धेरै छन् । एउटा स्वतन्त्र मतदाताको मानस पटलमा यी माथिका प्रश्न उब्जेको छ । ममा आस्था छ । ममा राजनीतिक चेत छ । तर पनि म विवश छु किनकी झापाको यो राजनैतिक तालमेलमा विचार एजेण्डा र सिद्धान्तमा रहेर छैन । नेतालाई तालमेल गर्न लाज लागेन तर, हामी मतदातालाई लाज लागेको छ भनेर भनिरहेका छन् । मत दिन मनैबाट मन नलागेको होला । जव हामीमा राजनीतिक चेत आयो तवदेखि यिनै उम्मेदवारहरु हाम्रासामु मत मागिरहेका छन् । न सस्कार परिवर्तन भयो, न उमेदवार परिवर्तन भयो न राजनैतिक सोच केवल परिवर्तन भयो त तन्त्र । राजतन्त्र, प्रजातन्त्र,लोकतन्त्र र गणतन्त्र बीचमा यिनै उम्मेदवारहरु तन्त्रका नाममा आफै उम्मेदवार हुँदै आए । विभिन्न तन्त्र परिवर्तन गर्दैगर्दा यिनै उम्मेदवार निरन्तर छन् । कयौ पटक जनतामाझमा गएर चुनावमा जीत हासिल गरे पनि आखिर कहिलेसम्म यिनै उम्मेदवार हामी माझमा आईरहन्छन् । जीत हासिल गर्दा पनि पटक पटक आफै मात्र उम्मेदवार बन्नु पर्ने कस्तो मानसिकता होला ।

राजनीतिक दलको चुनावी प्रचारप्रसार तीव्र रहेको छ । गाउँघरमा मानिसको धान पाकेर पहेलै भएको छ । किसानलाई धान काट्ने चटारोले छोपेको छ नेतालाई चुनावको । राजनीति भनेको देशको नीति हो जसले देश संचालन र विकासको नीतिनियमहरु बनाउँछन् । तर आज देशमा राजनीति यति पतित र विकृत भएर जाँदैछ कि राजनीतिमा लाग्ने नेताहरुका कुरा सुन्यो भने घृणा लागेर आउँछ , देश विकासको एजेन्डा हैन अर्काको ठट्टा र कटाक्षमै भाषण खर्चने गर्छन् अनि हामी मुकदर्शक भएर हाँसोमा रमाउँछौं । आफ्ना नेतालाई सचेत हैन, झन् साथ दिन्छौ । देशले नयाँ सविधान पाएपश्चातको यहि मंसिर ४ गते हुन गईरहेको चुनाव दोस्रो पटक हुँदैछ । चुनाव ५/५ वर्षमा हुने हाम्रो प्रावधान भएता पनि बहुमत पाएको दलले आफै संसद भंग गरेर समयअगावै निर्वाचन गराउने परिस्थिति सृजना गराउँछन् । चुनाव भनेको देश र जनताको भलो गर्ने व्यक्तिलाई आफ्नो मत दिएर विजय गराउने माध्यम हो । तर यो चुनाव हेर्दा आम मतदाता छक्क परेका छन् । नेकपा एमाले जिन्दावाद □ भोट केमा हलोमा । नेपाली कांग्रेस जिन्दावाद □ भोट केमा गोलाकारभित्रको हसिया हथौडामा । माओवादी केन्द्र जिन्दावाद □ भोट केमा रुखमा । आजभोली सामाजिक संजालमा धेरै भाईरल भएको यी यस्ता नाराले आम मतदातालाई अचम्मै बनाएको छ । निरासा छाएको छ । हरेक मान्छेसंग आफ्नो आफ्नो राजनैतिक आस्था थियो । राजनैतिक विचारमा हिडेका थिए तर, आजको यो चुनावी माहोल हेर्दा आफ्नो विचार र राजनैतिक आस्था कसको लागि रहेछ भन्ने भएको छ । म यो पार्टीको कार्यकर्ता भनेर हिड्न गाह्रो भयो भन्ने मानिसहरु आजभोली बाक्लै भेटिन थालेको छ । हामीले जहिल्यै नेताले नै भनेको मान्नु पर्ने □ सधै झोले नै भएर हिड्नु पर्ने भनेर धेरै मानिसहरु स्वतन्त्र उम्मेदवार पनि यो चुनावमा देखिएका छन् । राजनीति पार्टी भनेको आफ्नो मूल्य र मान्यता र सिद्धान्तमा चल्ने गर्दछन् । हरेक पार्टीहरुको आफ्नो आफ्नो विचार मूल्यमान्यता , सिद्धान्त र एजेण्डाहरु छ । विचार मिल्नु परेन , सिद्धान्त मिल्नु परेन तर नेता मिल्दा भयो । आफूले जित्नको लागि जस्तोसुकै भए पनि मिल्नु पर्ने यो कस्तो राजनैतिक गठबन्धन ? तालमेल पनि अचम्मकै छ । कांग्रेस र माओवादी । एमाले र राप्रपा । एमाले र जनता समाजवादी पार्टी । कसरी तालमेल हुन सकेको । कहाँ मिल्छ विचार , कहाँ मिल्छ एजेण्डा कहाँ मिल्छ सिद्धान्त , कार्यकर्ता कसरी मिल्न सक्छन् तर, नेताको स्वार्थ ठ्याक्कै मिल्न सक्छ भन्ने ज्वलन्त छ यो निर्वाचनको तालमेल । चुनाव चिह्न अलग्गै । झण्डा पनि अलग्गै । कांग्रेस पार्टी । कम्युनिष्ठ पार्टी । राजावादी पार्टी । विचार अलग , एजेण्डा अलग , चुनाव चिह्न अलग , झण्डा अलग भएता पनि भागबण्डामा मिलेर खान यिनै एक हुने । के हामीलाई यसरी नै मिलेर खाने नेता चाहिएको हो त ? के हामीले यस्तै राजनैतिक पार्टीको परिकल्पना गरेका हौ त ? “ काले काले मिलेर खाउँ भाले ” भन्ने नेपाली उखानमा पनि काले काले भनिएको छ तर यहाँ त काले, सेते, राते, पहेले सबै मिल्नु भनेको नेपाली उखान टुक्कालाई नै फेल पार्ने गरी मिलेको देख्दा नेपाली राजनीतिको लिलाम हुन लागेको भान हुन्छ । तालमेल यो नेपाली जनताले कसरी बुझ्ने । चुनाव पनि राजनैतिक प्रतिस्पर्धा विचार एजेण्डा र सिद्धान्तको भन्दा पनि व्यक्तिगत प्रतिस्पर्धा जस्तो छ । विचारको जितभन्दा पनि व्यक्तिको जित प्राथमिकतामा रहेको छ । चुनावको प्रतिस्पर्धा भनेको विचार एजेण्डा र सिद्धान्तको हुनु पर्ने तर यो चुनावको तालमेल हेर्दा चालिस वर्षसम्म एउटा राजनीतक दलमा बसेका नेता उम्मेदवार बन्ने टिकट नपाउँदा रातारात स्वतन्त्र हुन्छन् ।

कोही टिकट पाउँदा दल परिवर्तन गरी पार्टी परित्याग गरेर उम्मेदवार बन्न लागेको देख्दा अचम्मै लाग्छ । खोई राजनैतिक विश्वास ? खोई राजनैतिक आस्था ? दलप्रतिको अडान खोई ? राजनीति भनेको चुनावमा टिकट पाएर उम्मेदवार बन्नका लागि मात्र हो ? के राजनीति यसरी नै गर्ने हो ? छिनमा दलप्रतिको वफादारीता र इमानदारिता भुल्नेले जनताप्रतिको प्रतिवद्धता भुल्न कति मिनेट लाग्ला र □ के हामी यी यस्तै नेताको पछि लागिरहने हो र ? नेतालाई चुनाव लाग्यो कार्यकर्तालाई पनि आफ्ना नेता पाए तर हामी मतदाताले के पायौं □ यी यस्तै नेता हामीले छान्ने हो एक पटक होइन पटक पटक सोचेर मंसिर ४ मा निर्णय लिऔं ।

# कालिकापीठमा महायज्ञको तयारी

कालीस्थान (प्रस) । कालिकापीठ कालीस्थानको १८ औं बार्षिक अनुष्ठानको अवसर पारेर आयोजना गर्न लागिएको एकादशदिवसीय श्रीमद्स्कन्ध महापुराण एवं महारुद्रीसहित विराट महायज्ञको तयारी तीव्र पारिएको छ । धान्य पूर्णिमाको अवसर पारेर आगामी मंसिर १८ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने महायज्ञको तयारी तीव्र पारिएको हो । झापाको बिर्तामोडदेखि लगभग ७ किलोमिटर उत्तरपूर्व अर्जुनधारा नगरपालिका-९ कालीस्थान चोकको उत्तर-पश्चिम कोणमा सुन्दर धार्मिक तथा पर्यटकीयस्थल कालिकापीठ कालीस्थान रहेको छ । संस्थालाई दीगो रुपमा सञ्चालन गर्दै पूर्वीय वैदिक सभ्यता र संस्कृतिको अध्ययन-अनुसन्धान गर्ने स्थलको रुपमा विकसित गर्ने लक्ष्य पुरा गर्न अक्षयकोष वृद्धि, विश्वशान्तिको कामना, राजनैतिक स्थायित्व र महामारी प्रशमनार्थका लागि विराट महायज्ञको आयोजना गरिएको पीठका अध्यक्ष ज्योतिषाचार्य पण्डित लक्ष्मीप्रसाद पोखरेलले बताए ।

उक्त विराट महायज्ञलाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न



कालिकापीठ ब्यवस्थापन समितिको बैठकले विभिन्न उपसमितिहरु गठन गरेको छ ।

विराट महायज्ञको तयारीका लागि आर्थिक ब्यवस्थापन उपसमिति संयोजकमा कोषाध्यक्ष खडानन्द खतिवडा, प्रचार-प्रसार समिति संयोजकमा उपाध्यक्ष डिल्लीराम दाहाल, मञ्च तथा मण्डप ब्यवस्थापन समिति संयोजकमा सहसचिव रामप्रसाद मिश्र, पूजा समिति संयोजकमा राजेन्द्र अधिकारी, आपूर्ति ब्यवस्थापन समिति संयोजकमा टंकनाथ पोखरेल, भोजनालय ब्यवस्थापन समिति संयोजकमा प्रेमप्रसाद पोखरेल, पण्डाल-गेट-विजुली-साउण्ड सिष्टम ब्यवस्थापन संयोजकमा उपाध्यक्ष कर्णबहादुर तामाङ, अतिथि सत्कार एवं स्वागत समिति संयोजकमा पं. लक्ष्मीप्रसाद पोखरेल, स्वयंसेवक समिति संयोजकमा मनोजसिंह गोम्देनलाई चयन गरिएको र आवश्यकता अनुसार समिति विस्तार गरिने पीठका सचिव भोलानाथ पोखरेलले जानकारी दिए ।

उनका अनुसार एकादशदिवसीय संगीतमय श्रीमद्स्कन्ध महापुराण स्कन्द महापुराणका ब्याख्याता गुरु चैतन्यकृष्णबाट संगीतमय कथा प्रवचन रहने छ भने आचार्य रघुनाथ रिजालको आचार्यत्वमा विद्वत आचार्यहरुद्वारा महारुद्री महायज्ञ सञ्चालन हुनेछ ।

पीठका उपाध्यक्ष डिल्लीराम दाहालका अनुसार मंसिर १८ गते उद्घाटन हुने श्रीमद्स्कन्ध महापुराण कथा प्रवचन दैनिक विहान १० बजेदेखि ३:३० बजेसम्म, नित्य पूजा विहान ७ बजेदेखि ९ बजेसम्म एवं रात्री जागरण साँझ ६:३० बजेदेखि ९ बजेसम्म सञ्चालन हुनेछ । यसैगरी विहान ९ बजेबाट आसुतोष भगवान शिवशक्तिको विशेष पूजा-आरधनासहित महारुद्री महायज्ञ, नित्य हवन, तुलादान, बेद पाठपारायण, धनधान्याचल पूजन, गोपूजन एवं रात्रीकालीन जागरणलगायतका कार्यक्रम रहने छन् ।

# शिखर साकोसकाे अध्यक्षमा पुनः राउत

बिर्तामोड(प्रस) । शिखर बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुनः दिपेन्द्र राउत निर्वाचित भएका छन् । संस्थाको बुधवार सम्पन्न १२ औं वार्षिक साधारणसभाले चार वर्षे कार्यकालका लागि अध्यक्षमा पुनः राउतलाई निर्विरोध निर्वाचित गरेको हो । त्यस्तै उपाध्यक्षमा सुचित्रा मेचे , सचिव हिमालय प्रसाई , सहसचिव तारा खतिवडा र कोषाध्यक्षमा विजय चापागाई चयन भएका छन् । त्यस्तै सदस्यहरुमा किरण थापा आले , योगेश पौडेल , विज्ञान खड्का , मदन विश्वकर्मा ,हरिमाया लम्साल र लक्ष्मी सेडाई रहेका छन् । त्यस्तै साधारणसभाबाट अर्जुन चापागाईको संयोजकत्वमा लेखा सुपरीवेक्षण समिति निर्माण भएको छ । जसको सदस्यहरुमा ज्योति शिवाकोटी र खगेन्द्र नेपाल रहेका छन् । संस्थाको निर्वाचन गराउन बिर्तामोड नगरपालिकाका



सहकारी अधिकृत डिल्ली दाहालको अध्यक्षतामा निर्वाचन समिति गठन गरिएको थियो । जसको सदस्यहरुमा गणेश पोखरेल र विनोद न्यौपाने रहेका थिए । निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन अधिकृत दाहालले सपथ ग्रहण गराएका थिए । दोस्रो कार्यकालका लागि निर्वाचित राउत संस्थापक अध्यक्ष हुन् । गत कात्तिक २१ गतेदेखि सो सहकारीको साधारणसभा शुरु भएको थियो । कात्तिक २१ गतेदेखि इकाइगत साधारण सभा शुरु गरी कात्तिक ३० गते माइन्युट प्रमाणीकरण साधारणसभा गरी १२ औं साधारणसभा समापन गरिएको संस्थाका व्यवस्थापक लिलानाथ रेग्मीले जानकारी दिए । आठ हजार तीन सय ८३ जना शेयर सदस्य रहेको संस्थाको शेयर पूँजी पाँच करोड ६१ लाख ८४ हजार दुई सय , निक्षेप ६४ करोड ४२ लाख ४९ हजार छ सय ८३ , ऋण लगानी ६६ करोड ७९ लाख ४४ हजार सात सय २७ रुपैयाँ रहेको छ । त्यस्तै दश करोड ३७ लाख २९ हजार सात सय ५५ रुपैयाँ आम्दानीमा नौ करोड ३९ लाख ४३ हजार नौ सय ९३ रुपैयाँ खर्च गरी ९७ लाख ९१ हजार एक सय ५२ रुपैयाँ नाफा कमाएको प्रतिवेदनमा उल्लेख छ ।

आफ्नै भवनबाट सेवा शुरु गरेको संस्थाले शिखर एम बैंक , कार्डलेस एटीएम, वैंक ट्रान्सफर , क्रेडिट कार्ड पेमेन्ट, वालेट लोड, क्यू आर भुक्तानी, एसएमएस सेवा, एटीएम सेवा, शिखर राहत कोषबाट सेवा, वेवसाइडबाट जानकारी सञ्चालन गरिरहेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै सदस्य राहत कार्यक्रम , अक्सिजन सिलिण्डर सहयोग, शव वाहन सेवा, सदस्यलाई फार्मेसीमा छुट सुविधा, एक घर एक सदस्य कार्यक्रम, म बन्छु उद्यमी कार्यक्रमलगायतका योजना अघि सारेको छ ।

# बिरिङ...

उनले शहिदहरुले साहदत प्राप्त गरेको स्थानको बजेट सालबारी झिलमा लगेर प्रयोग गऱ्यो भनेर बिपक्षीले आरोप लगाएको समेत सुनाए । उनले भने, 'बिपक्षीले अरु कुनै कुरा काट्न नभेटेर यी कुराहरु निकालिरहेका छन् । उनीहरुलाई तपाईहरु प्रश्न गर्नुहोस्, त्यो बजेट कहाँबाट कसले पठाएको हो ? कति र कहाँको लागि पठाएको थियो ?' उनले अर्जुनधारा नगरपालिकाका जनतालाई सिधा र सोझा ठानेर जे कुरा पनि पत्याइहाल्छन् भनेर अरु उम्मेदवार र उनीहरुका कार्यकर्ताले ढाँटेको समेत आरोप लगाए । उनले झापाका जनता सहि र गलत छुट्याउन सक्ने क्षमता राख्ने भएकाले त्यस्ता गलत र झुक्याउनेको पछाडि नलाग्ने धारणा राखेका थिए । नेता घिमिरेले नेकपा एमालेले घोषणापत्रमार्फत ल्याएका विकास निर्माणका कामहरु पूर्ण रुपमा पालना हुने समेत दावी गरे । एमालेले अब जनताको भोटबाट बहुमत पाउने र पाँच वर्षमा देशले नै मुहार फेर्ने समेत उनको भनाई छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

**वर्गीकृत विज्ञापन**

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE

**मानव डेन्टल**
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
**दैनिक सेवाको लागि**
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**



**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१ <br>

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजकाे राशिफल

**मेष** — शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

**वृष** — आँटेको र ताकेको कार्य पुरा होला । कूटनीतिक नियोगको सहयोग मिल्नेछ ।

**मिथुन** — आज महत्वपूर्ण अवसर गुम्न सक्छ । आफन्तको सल्लाह लिनु नै उचित हुनेछ ।

**कर्कट** — चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**सिंह** — आज इच्छा र आकांक्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ ।

**कन्या** — मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**तुला** — अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ ।

**वृश्चिक** — आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**धनु** — आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ ।

**मकर** — अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**कुम्भ** — घरमा कुटुम्बको आगमन हुनसक्छ । प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ ।

**मिन** — आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ ।